### (१०) मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सहयोग गर्ने निकाय कुन कुन हुन् ?

- प्रहरी/महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र/निर्देशनालय
- महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
- मानव बेचबिखन अनुसन्धान ब्युरो
- वैदेशिक रोजगार विभाग र बोर्ड
- राष्ट्रिय मानवअधिकार आयोग
- राष्ट्रिय महिला आयोग
- राष्ट्रिय बालअधिकार परिषद्
- नेपाल बार एशोसेसियन
- अध्यागमन कार्यालय
- स्थानीय सरकार/पालिकाहरू
- कन्सुलर सेवा विभाग/परराष्ट्र मन्त्रालय
- गैरसरकारी संघसंस्थाहरू

### (११) मानव बेचबिखन तथा ओसारपसारमा परेमा के गर्ने ?

- विश्वासिलो व्यक्तिलाई खबर गर्ने/सहयोग माग्ने ।
- मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सहयोग गर्ने निकायमा उजुरी गर्ने/सहयोग माग्ने ।
- बेचबिखनमा संलग्न व्यक्तिहरूविरूद्धको प्रमाणहरू सुरक्षित राख्ने ।
- उद्धार, संरक्षण र कानुनी सेवाको लागि सम्बन्धित निकायमा सम्पर्क गर्ने ।

### (१२) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कानुनका केहि मुख्य व्यवस्थाहरू

- पीडित आफैले उजुरी दिएमा निजको तत्काल जिल्ला अदालतमा बयान गराउनुपर्ने ।
- बयान क्षेत्राधिकार भित्र नपर्ने भएमा समेत प्रमाणित गर्नु पर्ने ।
- त्यस्तो बयान प्रमाणमा लिन सक्ने ।
- उजुरी गर्नेको नाम गोप्य राखिने व्यवस्था गरिएको ।
- पक्राउ गर्न वा खानतलासी लिन सकिने व्यवस्था भएको ।
- प्रमाणको भार प्रतिवादीमा रहने व्यवस्था ।



- दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने ।
- उद्धार, पुनर्स्थापना केन्द्र, पुनर्स्थापना कोषको कानुनी व्यवस्था भएको ।
- २० वर्ष सम्म कैद र २ लाख रुपैंयाँसम्म जरिवाना
- प्रतिरक्षाको सुविधा: बचाव गर्दा पिडकको मृत्यु हुन गएमा सजाय नहुने व्यवस्था
- क्षतिपूर्तिको अधिकार: जरिवानाको पचास प्रतिशत नघटाई क्षतिपूर्ति दिईने, पिडितको मृत्यु भएमा, हकवालाले पाउने र हकवाला नभएमा पुनार्स्थापना कोषमा जम्मा हुने ।
- सुराकीलाई १० प्रतिशत पुरस्कार दिने व्यवस्था
- सुराकीको विवरण गोप्य राखिने व्यवस्था
- सञ्चार माध्यम तथा कानुन प्रकृयामा समेत सक्कली नाम प्रसार गर्न नहुने
- पीडित र साक्षीको संरक्षणको व्यवस्था भएको ।
- बन्द ईजलासमा कारवाही हुने ।
- अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ ।
- कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्थामा अदालतले पीडित राहत कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्ने

### (१३) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४

अनुसार निम्न जिल्लाहरू (सिन्धुपाल्चोक, झापा, पर्सा, चितवन, रुपन्देही  बांके, सुर्खेत, कास्की र काठमाडौं) मा पुर्नस्थापना केन्द्र संचालन भएको छ ।

### मानव बेचबिखनविरुद्ध सहयोग गर्ने तथा सुरक्षित स्थानागमन सम्बन्धी थप जानकारीका लागि केही निकायहरू :

**महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, काठमाडौं**
फोन नं. : ०१-४२०००८२, ४२००२१६
टोल फ्रि : १६१८०१४२०००८२
ईमेल : nccht.nepal@gmail.com

**मानव बेचबिखन अनुसन्धान ब्यूरो, काठमाडौं**
मोबाइल : ९८५१२९२२०३ (Whatsapp, Viber, Imo)
फोन नं. : ०१-५३३९५६९, ९८५१२९२२०० (डिउटी अधिकृत)
टोल फ्रि : ११७७, १६६००१४११७७
ईमेल : ahtb@nepalpolice.gov.np
फेसबुक : http://www. facebook.com/AHTBureau

**केन्द्रिय अनुसन्धान ब्यूरो, काठमाडौं**
फोन : ०१-४५११७७६
ईमेल : cib@nepalpolice.gov.np

**राष्ट्रिय मानव अधिकार आयोग, ललितपुर**
फोन नं. : ०१-५०१००१५
फयाक्स नं. : ०१-५५४७९७३
हटलाइन फोन नं. ०१-५०१०००० (२४सै घण्टा खुल्ला, बिदाका दिनमा समेत)
ईमेल : nhrc@nhrcnepal.org
वेबसाइट : www.nhrcnepal.org

**राष्ट्रिय महिला आयोग, काठमाडौं**
फोन नं : ०१-४२५६७०१
हटलाइन नम्बर : ११४५
इमेल : info@nwc.gov.np

**राष्ट्रिय बाल अधिकार परिषद्, ललितपुर**
फोन नं : ०१-५५५०१२४, ५५५०१४७
इमेल : contact@ncrc.gov.np
वेबसाइत : www.ncrc.gov.np

**वैदेशिक रोजगार विभाग, काठमाडौं**
टोलफ्रि नं : १६६००१५०००५, ११४१
अन्तराष्ट्रिय फोन नं : ९७७-१५९७०००८
भाइबर कल र मेसेज : ९७७ ९८५१३४७२२२, ९८०१८०००१३
इमेल : shramadhan@feb.gov.np
वेबसाइट : www.dofe.gov.np

**वैदेशिक रोजगार बोर्ड, काठमाडौं**
फोनं : ०१-४२२०३११, ०१-४२२०५६७
ईमेल : info@feb.gov.np
वेबसाइट : www.feb.gov.np

**नेपाल बार एशोसिएसन, काठमाडौं**
फोन : ०१-४२००८३७
ईमेल : info@nepalbarassociation.org.np
प्रत्येक जिल्लामा बार ईकाई मार्फत नि:शुल्क कानूनी सहायता प्रदान गरिन्छ ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र (७७ वटा जिल्लाहरू)**
बाल हेल्पलाईन (नि:शुल्क नम्बर) - १०९८ (काठमाडौं, मोरङ, मकवानपुर, कास्की, बाँके, कैलाली, चितवन, उदयपुर, सुनसरी, दैलेख, सुर्खेत, बाजुरा, कालिकोट, रुपन्देही, बारा, धनुषा, ईलाम, संखुवासभा)

**थप जानकारी तथा सहयोगको लागि सम्पर्क गर्न सकिने निकाय तथा पैसा नलाग्ने सम्पर्क फोन:**

- जिल्ला प्रशासन कार्यालयहरू
- मानव बेचबिखन, लैङ्गिक हिंसा वा अन्य अपराधको सूचनाको लागि १६६००१४१५१६
- प्रहरी सेवा - १०० र १११३
- बालबालिका हराएमा - १०४

**महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह नेपाल (एटविन)**
फोन : ०१-५३२९७८७, ०१-५३२०४७८
ईमेल : aatwin@ntc.net.np

**सन्दर्भ : लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान - २०८१**

प्रकाशन मिती : वि.सं. २०८१, मंसिर

# मानव बेचबिखन न्यूनिकरण सम्बन्धी केही जानकारी

## महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह नेपाल (एटविन)

बबरमहल, काठमाडौं, नेपाल पो.ब.न. २४९६०
फोन. ०१-५३२९७८७/५३२०४७८
ईमेल: aatwin@ntc.net.np वेभसाइट: www.aatwin.org.np

## (१) मानव बेचबिखन भनेको के हो ?


**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४अनुसार**

नेपालको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ उपदफा (१) अनुसार देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिने भनि उल्लेख गरेको छ :

(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,
(घ) वेश्यागमन गर्ने ।

## (२) मानव बेचबिखन तथा ओसारपसार मानिने कार्यहरू:

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,
(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।



## (३) संयुक्त राष्ट्रसंघको अन्तरदेशिय संगठित अपराधविरुद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने यूएन (आलेख) प्रोटोकल, २००० अनुसार

पालेर्मो प्रोटोकलले मानव बेचबिखन तथा ओसारपसारको संयुक्त परिभाषा दिएको छ । पालेर्मो प्रोटोकलको धारा ३ (क) मा "मानव बेचबिखन तथा ओसारपसार" भन्नाले शोषण गर्ने उद्देश्यले धम्की वा बलको प्रयोग वा अन्य प्रकारको करकाप, अपहरण, धोकाधडी, झुक्यान, शक्ति वा नाजुक परिस्थितिको दुरुपयोग वा भुक्तानी वा लाभको लेनदेनको माध्यमबाट अर्को व्यक्तिमाथि नियन्त्रण भएको व्यक्तिको सहमति प्राप्त गर्न व्यक्तिहरूको भर्ति, ओसारपसार, स्थानान्तरण, आश्रय दिने वा प्राप्त गर्ने काम सम्झनुपर्छ भनी उल्लेख भएको छ ।


साथै पालेर्मो प्रोटोकलले "शोषण" भन्नाले न्यूनतम रुपमा अरुको वेश्यावृत्तिको शोषण वा अन्य स्वरुपका यौन शोषण, जबर्जस्ती श्रम वा सेवामा लगाउने काम, दासता वा दासता सरहका अभ्यास, बाँधा बनाउने वा मानव अंग झिक्ने काम समेतलाई जनाउँछ भनी मानव बेचबिखन तथा ओसारपसारको परिभाषालाई अझ प्रष्ट पारेको छ ।

## (४) मानव तस्करी

कसैले आर्थिक उपार्जन वा अन्य कुनै किसिमको फाइदाका लागि कुनै व्यक्तिलाई भिसा (प्रवेशाज्ञा) नभएको मुलुकमा गैरकानुनी रूपमा प्रवेश गराउने कार्यलाई मानव तस्करी भनिन्छ । यो कार्य सम्बन्धित व्यक्तिको इच्छा, सहमति र चाहना अनुसार हुने गर्दछ । तर यस्तो माध्यमबाट विदेश जाने क्रममा बेचबिखन तथा शोषणमा पर्न सक्ने जोखिम रहन्छ ।

## (५) मानव बेचबिखनका उद्देश्यहरू के के हुन्छ ?

- वेश्यावृत्ति/यौन शोषणकालागि
- भीख मगाउन
- होटलमा काम गराउन
- जोखिम पूर्ण काम गराउन
- गैरकानूनी काम गराउन
- साइबर अपराधकालागि
- कलकारखानामा जोखिमपूर्ण कामकालागि
- मनोरञ्जन क्षेत्रमा काम गराउन जस्तैः क्याबिन, डान्सबार, रेष्टुरेण्ट, मसाज पार्लर आदि
- अङ्ग प्रत्यारोपन गर्न
- सर्कसमा खेलाउन
- अवैध धर्मपुत्र/पुत्री राख्न
- घरेलु कामदार बनाउन
- बाल श्रम गराउन




## (६) मानव बेचबिखनका केही गन्तव्य देशहरू

- आन्तरिक (नेपालभित्र)
- छिमेकी देश (भारत, चीन) सीमापारी
- समुद्रपारी विशेषगरी खाडी देशहरू

## (७) मानव बेचबिखन तथा ओसारपसारको जोखिममा पर्न सक्ने कारणहरू

- लैङ्गिक, सामाजिक-सांस्कृतिक र कानूनी विभेद
- अशिक्षा/शिक्षामा कमी
- चेतनाको कमी
- बेरोजगारी
- गरिबी/निम्न आर्थिक अवस्था
- पितृसत्तात्मक सोच
- सामाजिक मुल्य-मान्यता तथा संस्कारहरू
- उन्नत जीवनको चाहना
- असुरक्षित स्थानागमन
- घरेलु/लैङ्गिक हिंसा
- वैदेशिक रोजगारीको नाममा झुक्याउने
- पर्याप्त कानुन र कार्यन्वयनको अभाव
- द्वन्द्व र राजनैतिक अस्थिरता
- प्राकृतिक विपत् तथा महामारी
- सामाजिक संजालको असुरक्षित प्रयोग

## (८) मानव बेचबिखन तथा ओसारपसारबाट जोगिने उपायहरू

- रोजगारीका लागि देश भित्र वा बाहिर जादाँ सबै जानकारी लिएर जानु पर्दछ ।
- कुनै पनि परिचित अथवा अपरिचित व्यक्तिलाई झट्ट विश्वास गर्नु हुँदैन ।
- नयाँ ठाउँमा जाँदा त्यस ठाउँको विषयमा जानकारी लिएर मात्र जानु पर्दछ र यस विषयमा परिवारका सदस्य, नातेदार वा साथीहरूलाई जानकारी दिएर मात्र जानु पर्दछ ।
- कुनै पनि व्यक्तिले अनलाइन लगायत विभिन्न माध्यमबाट यदि राम्रो जागिर दिने, घुमाउने, विवाह गर्ने, समानहरू किनिदिने प्रलोभन देखाएमा त्यस्तोमा पर्नु हुदैन ।
- वैदेशिक रोजगारीमा जानु परेमा सम्बन्धित कामका बारेमा, जाने देश र त्यसको नियमहरूका विषयमा जानकारी लिएर र सम्बन्धित निकाय वा जानकार व्यक्तिसंग सल्लाह लिनु पर्दछ । वैदेशिक रोजगारीको फाइदा र बेफाइदाका बारेमा सचेत हुनु पर्दछ ।

## (९) सुरक्षित स्थानागमन कसरी गर्ने ?

- कसैको पनि प्रलोभनमा नपर्ने, अरूको लहैलहैमा नलाग्ने, कसैले कुनै लोभ देखाएमा सम्बन्धित सरकारी निकाय, नजिक रहेका संस्था, जानेबुझेका परिवारका सदस्य तथा विश्वसनीय साथीहरूसँग सरसल्लाह गर्ने ।
- कसैले तपाईंको आवश्यकता र ईच्छा पुरा गर्न सहयोग गर्छु तर त्यसको लागि आफ्नो घर ठाउँ छोडेर अन्तै जानुपर्छ भन्छन् भने त्यस्तो कुरा सही हो वा होइन पत्ता लगाउने । यसका लागि कहाँ जाने, कसरी जाने, के काममा जाने, तलव कति हुन्छ सबै थाहा पाउने । आफूले थाहा पाएको कुरा सही हो वा होइन यकिन गर्न जानेबुझेका परिवार, साथीभाई, गाउँका अगुवा र प्रहरीसँग बुझ्ने ।
- रोजगारीका लागि जाँदा आफ्नो सीप र क्षमता अनुसारको काम मात्र छनौट गर्ने र सीप विकास तालिममा सहभागी भएर मात्र वैदेशिक रोजगारीमा जाने ।
- वैदेशिक रोजगारीमा जाँदा सरकारले तोकिदिएको नियम र प्रकृया अपनाएर आधिकारिक र मान्यता प्राप्त कम्पनी वा एजेन्सीमार्फत मात्र जाने ।
- वैदेशिक रोजगारीमा जाँदा सरकारले खुला नगरेको देशमा नजाने ।
- देश भित्र वा देश बाहिर घुम्न वा कामका लागि जाँदा घरपरिवार र नजिकको साथीभाईलाई जानकारी गराएर मात्र जाने ।
- विपद्का बेला आइपरेको समस्यामा नआत्तिने । यस्तो बेलामा संयम भई सकेसम्म आफ्नै ठाउँमा वा देश भित्रै रोजगारी तथा आम्दानीका अवसरहरू खोज्ने । आफ्नो वरपर सञ्चालित सीप विकास तथा आय आर्जनका कार्यक्रमहरूको बारेमा जानकारी लिने र सहभागी हुने ।
- कहीं पनि जाँदा आफ्ना महत्वपूर्ण कागजातहरू जस्तै नागरिकता, पासपोर्ट (राहदानी), लालपुर्जा (जग्गाधनी दर्ता प्रमाण पत्र), जन्मदर्ता प्रमाण पत्रहरू आफुसँगै राख्ने । त्यस्ता कागजातको फोटोकपि (प्रतिलिपि) परिवारका सदस्यसँग राख्न दिने ।
- कानुनी समस्या परेमा वा कागजातहरू हराएमा स्थानीय निकाय/पालिका कार्यालयहरूमा सम्पर्क गर्ने र जानकारी गराउने ।

